स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता जितु नेपालको निर्माण अभिनय रहेको फिल्म "आइ एम जीत बहादुर"को ट्रेलर सार्वजनिक भएको छ। एक कार्यक्रम बिच सार्वजनिक ट्रेलरले गाउँबाट सपना बोकेर शहर आएका एक युवाले कलाकार बन्नका लागि भोग्नुपरेका संघर्ष, चुनौती र यात्रा भावनात्मक रुपमा पस्किएको छ। ट्रेलरमा अभिनेता जितु नेपालको फरक अवतार देख्न सकिन्छ, जहाँ उनले कलाकार बन्ने सपना पछ्याइरहेका युवाको भूमिका निभाएका छन्।

**आजको विचार...**



पूर्ण ओली

जल...

(दुई पेजमा)



नेपाली चलचित्र "लालीबजार" पछिल्ला दिनमा सम्मानित अदालतको आदेश, सम्बद्ध समुदायबाट आउने विरोध-समर्थन र एउटी आमाको सङ्घर्षको कथालगायत विषयवस्तुका कारण चर्चामा छ। ـ नाम सुन्दा यो "पारिवारिक चलचित्र होइन" की भन्ने पनि लाग्नसक्छ। चलचित्रको पहिलो सार्वजनिक गरिएको पोस्टरमा अभिनेत्री स्वस्तिमा खड्का शृङ्गारिएर ढोकामा उभिएकी थिइन्। एउटी गर्भवती ढोकामा सजिएर बस्नुले कलात्मक रुपमा धेरै तथ्यलाई चित्रण गरेको थियो।

❒ वर्ष ३१ ❒ अंक ३०२ ❒ २०८३ जेठ १७ गते आइतबार 31 May 2026, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# संघीय बजेटमा लुम्बिनी प्रदेश

## पूर्वाधार, पर्यटन, उद्योग, सडक र सिंचाई प्राथमिकतामा

**रामचन्द्र रायमाझी**

**पाल्पा,** जेठ १६/संघीय सरकारले शुक्रबार सार्वजनिक गरेको आगामी आव २०८३/८४ को बजेट तथा कार्यक्रममा लुम्बिनी प्रदेशका यसअघि सारिएका महत्वपूर्ण योजनालाई निरन्तरता दिइएको छ, भने केही योजना सञ्चालनमा निजी क्षेत्रलाई जिम्मेवारी दिनेगरी सीमित नयाँ योजना मात्रै प्रस्तावित रहेका छन् । अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले संघीय ससंद्को संयुक्त बैठकमा प्रस्तुत गरेको बजेटमा यहाँका ठूला पूर्वाधार, पर्यटन, उद्योग, सडक आयोजनादेखि सिंचाई सम्मका कार्यक्रमलाई प्राथामिकतामा राखेका छन् ।

निर्माण सम्पन्न भएको वर्षौं बितिसक्दा पनि नियमित अन्तरराष्ट्रिय उडान हुन नससेको भैरहवा अन्तरराष्ट्रिय विमानस्थल सञ्चालन तथा व्यवस्थापनमा निजी क्षेत्रसँग सहकार्य गरिने र दाङको टरीगाउँ विमानस्थलको स्तरोन्नति गरिने अर्थमन्त्री वाग्लेले बताए । यसैगरी बजेटमा सिद्धबाबा सुरुङमार्ग यही आर्थिक वर्षभित्र सम्पन्न गर्ने लक्ष्य समावेश छ । यसअघिको सरकारले असोजसम्म




यसलाई पूरा गर्ने योजनामा राखेको थियो । सरकारले बृहत्तर लुम्बिनी क्षेत्रको एकीकृत विकासका लागि ८३ करोड रुपैयाँ बजेट विनियोजन गरेको छ । त्यस्तै देवदह, रामग्राम, तिलौराकोट र कपिलवस्तु क्षेत्रको बृहत् पूर्वाधार विकास र तिलौराकोटलाई विश्व सम्पदा सूचीमा राख्ने पनि सरकारले उल्लेख गरेको छ । त्यस्तै बुटवलबाट पाल्पा हुँदै पोखरा पुग्ने सिद्धार्थ राजमार्गलाई अन्तर्राष्ट्रिय स्तरको बनाउने, कालीगण्डकी चक्रपथ निर्माण गर्ने, प्रादेशिक अस्पताललाई विशिष्टीकृत अस्पतालमा विकास गर्ने अर्थमन्त्री वाग्लेले उल्लेख गरे । यसैगरी, बुटवल-नारायणगढ सडक यही आर्थिक वर्षभित्र सम्पन्न गर्ने, बुटवल-गोरुसिंगे सडक निर्माणलाई तीव्रता दिने तथा दाङको धानखोला-लमही ८० किलोमिटर सडक स्तरोन्नति गर्ने घोषणा गरिएको छ । चन्द्रौटा-धानखोला सडक स्तरोन्नतिको अध्ययन पनि गरिने जनाइएको छ । औद्योगिक क्षेत्रतर्फ रुपन्देहीको मोतिपुर औद्योगिक क्षेत्र तथा मयूरधाप औद्योगिक क्षेत्रको निर्माण र सञ्चालनको जिम्मा निजी क्षेत्रलाई दिने घोषणा गरिएको छ । -बाँकी अन्तिम पेजमा...

**संक्षिप्त समाचार**

### ट्रक दुर्घटनामा १८ जनाको मृत्यु

**(रासस/एएफपी)**

**अफगानीस्तान,** जेठ १६/पूर्वी अफगानिस्तानमा शनिबार एउटा ट्रक पल्टिर दुर्घटना हुदाँ ट्रकमा सवार १० जना बालबालिका सहित १८ जनाको मृत्यु भएको प्रान्तीय अधिकारीलाई उदृत गर्दै एएफपीले जनाएको छ । लगमान प्रान्तका गभर्नरका प्रवक्ता अब्दुल मलिक नियाजयका अनुसार ट्रकमा पाकिस्तानबाट फर्केका अफगान परिवारहरू सवार थिए । दश जना बालबालिका, पाँच जना महिला र तीन जना पुरुषसहित १८ जनाको मृत्यु भएको पुष्टि गर्दै थप, २९ जना घाइते भएको प्रवक्ताले बताएका छन् । पूर्वी अफगानिस्तानको जलालाबाद र राजधानी काबुल बीचको सडकमा ट्रक दुर्घटना भएको जानाइएको छ । पाकिस्तानका अधिकारीहरूले आफ्नो देशमा अफगान आप्रवासी र शरणार्थीहरूमाथि कडा नियम लागु गरेसँगै धेरै अफगानहरु आफ्नो सामान लिएर ट्रकमा स्वदेश फर्किने क्रम बढेको जनाइएको छ । संयुक्त राष्ट्रसैंीय शरणार्थी उच्चायुक्त र आप्रवासनका लागि अन्तर्राष्ट्रिय सङ्गठनको तथ्याङ्क अनुसार यस वर्षको सुरु देखि चार लाख ४७ हजार ४०० अफगानीहरू पाकिस्तानबाट स्वदेश फर्केका छन् । यस अघि अगस्टमा, पश्चिमी अफगानिस्तानमा इरानबाट फर्केका अफगान आप्रवासीहरू बोकेको बस र अन्य दुई सवारी साधनहरू बिचको टक्करमा १९ बालबालिका सहित ७८ जनाको मृत्यु भएको थियो ।

### अवैध लागूऔषध सहित २६ जना पक्राउ




**पाल्पा,** जेठ १६/ देशका विभिन्न स्थानमा अवैध लागूऔषधसहित २६ जना पक्राउ परेका छन् । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार रुपन्देही, रूकुम पश्चिम, सर्लाही, चितवन, बर्दिया, भक्तपुर, मोरङ, सल्यान, सुर्खेत, बझाङ र काठमाडौंका विभिन्न स्थानबाट प्रहरीले अवैध लागूऔषध सहित २६ जनालाई पक्राउ गरेको हो । उनीहरुको साथबाट प्रहरीले ठूलो परिणाममा डाइजेपाम , फेनारगन, बुप्रेनोर्फिन, ट्रामाडोल, खैरो हेरोइन जस्तो देखिने पदार्थ, ब्राउनसुगर जस्तो देखिने पदार्थ लगायतका अवैध लागूऔषध बरामद गरेको छ । उनीहरुलाई पक्राउ गरी थप अनुसन्धान अगाडि बढाइएको केन्द्रीय समाचार कक्षले जनाएको छ ।

### पर्यटकले ढोरपाटनका होटल भरिभराउ, बास नपाएपछि सयौँ फर्किए

**ढोरपाटन (बागलुङ),** जेठ १६/लगातार चार दिन बिदा हुँदा ढोरपाटन उपत्यकामा पर्यटक बढेका छन् । एकै दिन सयौँको संख्यामा आन्तरिक पर्यटक पुगेपछि होटल भरिभराउ भएका छन् । कतिपय पर्यटकहरु होटलमा कोठा नपाएर फर्कनुसमेत परेको छ । बिहीबारदेखि बिदा भए पनि बुधबारबाटै ढोरपाटनका होटल भरिएका थिए । एकै दिन सयौँको संख्यामा पर्यटक आउँदा होटलमा व्यवस्थापनमा समस्या भएको ढोरपाटन उपत्यका होटल व्यवसायी संघका अध्यक्ष जीवन पुनले बताए । ढोरपाटनमा २७ वटा होटल र १२ वटा घरबास (होमस्टे) छन् ।

पछिल्लो समय ढोरपाटनको प्रचार व्यापक हुँदा एक/दुई दिन बिदा हुँदा साथ पर्यटक आउने गरेको अध्यक्ष पुनले बताए । गत जेठ १२ गतेबाटै सम्पर्क गरेर आएका पाहुनालाई होटल व्यवसायीले राखे पनि अरूले बास पाउन नसकेको उनको भनाइ छ ।



"एकै पटक लामो बिदा भएर होला पाहुन थामिनसक्नु आउनुभएको छ, वरपरका खाली घरहरु पनि भएका छन्, होटल, होमस्टे कुनै पनि खाली छैनन्," अध्यक्ष पुनले भने, "मेरो सम्पर्कमा आएकै करिब एक सय जना पर्यटकले बास नपाएर फर्किनुभयो, अरू व्यवसायी साथीहरुको सम्पर्कमा आएका पाहुना पनि धेरैनै फर्किनु पऱ्यो, अब ढोरपाटन आउने पाहुनाले होटलको अवस्था बुझेर मात्रै आउन आग्रह गर्छौं ।" ढोरपाटनमा एक रातमा ७०० जना पाहुन राख्न सक्ने होटल तथा होमस्टेको क्षमता छ ।

-बाँकी अन्तिम पेजमा...

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## सुर्तीजन्य पदार्थको सेवन त्यागौँ

सुर्तीजन्य पदार्थ विरुद्धको दिवस आज विश्वभर विभिन्न कार्यक्रम गरी मनाइँदै छ । नेपालमा पनि सुर्तीजन्य वस्तुहरुको प्रयोग विरुद्ध सचेतनामुलक कार्यक्रम गरी यो दिवस मनाइँदै छ । हरेक वर्ष मे ३१ तारिखमा विश्वभर यो दिवस मनाउने गरिन्छ । यस दिवसले सुर्तीजन्य पदार्थको प्रयोगबाट हुने स्वास्थ्य, सामाजिक तथा आर्थिक क्षतिप्रति जनचेतना फैलाउने र यसको नियन्त्रणका लागि सरकार, समुदाय तथा व्यक्तिलाई जिम्मेवार बनाउन प्रेरित गर्दछ । नेपालमा पनि सुर्तीजन्य पदार्थको सेवन सार्वजनिक स्वास्थ्यका प्रमुख चुनौतीहरूमध्ये एक बनेको छ । सुर्तीजन्य पदार्थले क्यान्सर, मुटुरोग, श्वासप्रश्वाससम्बन्धी रोग तथा अन्य दीर्घरोगको जोखिम बढाउँछ । धूम्रपान गर्ने व्यक्तिमात्र होइन, उनीहरूबाट निस्कने धुवाँका कारण वरपरका मानिसहरू पनि प्रभावित हुन्छन् ।

विशेषगरी बालबालिका, गर्भवती महिला तथा वृद्धवृद्धा निष्क्रिय धूम्रपानका कारण गम्भीर स्वास्थ्य समस्यामा पर्ने गरेका छन् । यसले स्वास्थ्य क्षेत्रमा ठूलो आर्थिक भार थप्नुका साथै उत्पादकत्वमा समेत नकारात्मक प्रभाव पार्दछ । चिन्ताको विषय के छ भने पछिल्ला वर्षहरूमा युवापुस्तामाझ चुरोट, सुर्ती, भेप तथा अन्य निकोटिनयुक्त उत्पादनप्रति आकर्षण बढ्दै गएको देखिन्छ । आकर्षक प्रचार, साथीहरूको दबाब, जिज्ञासा तथा पर्याप्त सचेतनाको अभावले धेरै किशोर–किशोरीहरू यस दुर्व्यसनतर्फ तानिएका छन् । यस्ता प्रवृत्तिले भविष्यको स्वस्थ र सक्षम जनशक्तिमाथि नै प्रश्नचिह्न खडा गरेको छ । नेपालमा सुर्तीजन्य पदार्थ नियन्त्रणसम्बन्धी कानुन तथा नीतिहरू बनेका छन् । सार्वजनिक स्थानमा धूम्रपान निषेध, स्वास्थ्य चेतावनीसहितको प्याकेजिङ र कर वृद्धिजस्ता कदमहरू सकारात्मक भए पनि कार्यान्वयन अझ प्रभावकारी हुन सकेको छैन । कानुनको कडाइका साथ पालना गराउने, विद्यालय तथा समुदायस्तरमा निरन्तर सचेतना अभियान सञ्चालन गर्ने र युवाहरूलाई दुर्व्यसनबाट टाढा राख्ने कार्यक्रमहरूलाई प्राथमिकता दिन आवश्यक छ । सुर्तीजन्य पदार्थविरुद्धको लडाइँ सरकारको मात्र जिम्मेवारी होइन । परिवार, विद्यालय, सञ्चारमाध्यम, नागरिक समाज तथा प्रत्येक व्यक्तिको सक्रिय भूमिका अपरिहार्य छ । सुर्तिरहित जीवनशैली नै स्वस्थ, समृद्ध र मर्यादित जीवनको आधार हो, भन्ने कुरालाई सबैले वुझ्न जरुरी छ ।

### Opinion @ Social Network

तिमीले दिएको यो निस्वार्थ मायाको कुनै मोल छैन
मेरो नजरमा तिमी भगवानको दर्जामा छौ मेरी प्यारी आमा ।
*(अनिषा शर्माको फेसबुक स्टाटसबाट www.facebook.com/Anisha.Sharma)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# जल स्रोतको धनी देशमा पानीको सास्ती: नीति कि नियतको खोट ?



**पूर्ण ओली**

कुनै पनि जीवात्मा तथा बोटबिरुवाका लागि पानीको आधारभूत महत्त्व अत्यन्त उच्च हुन्छ भन्ने कुरा हामी प्राणीले अवश्य बुझेका छौँ । विश्वका कतिपय देशमा पानीका पर्याप्त स्रोत नहुँदा आकासे पानी जमाएर पिउनदेखि कृषि कार्यसम्म उपयोग गरिएका उदाहरण छन् । कतिपय मुलुकले त समुद्रको पानीलाई रिफाइन (प्रशोधन) गरी पिउन योग्य बनाएर प्रयोग गरिरहेका छन् । तर, नेपाल जस्तो पर्याप्त नदीनाला, हिमाल र जलस्रोत भएको देशमा भने हरेक क्षेत्रमा पानीकै अभाव मात्र देखिन्छ । अझै पनि प्रत्येक नेपालीले शुद्ध पिउने पानी पाउन सकेका छैनन् । नेपालको राजधानी काठमाडौँ उपत्यकामा समेत दशकौंको पर्खाइपछि मेलम्ची आयोजना बनिसक्दा पनि वितरण प्रणाली प्रभावकारी हुन सकेको छैन । जसका कारण अत्यधिक जनता अझै पनि पानी किनेर खान बाध्य छन् । महाँकालस्थित खानेपानी कार्यालयमा महसुल बुझाउन जाने ग्राहकहरूको एउटै गुनासो हुन्छ- “पानी आउँदैन, तैपनि पैसा तिरिरहनुपरेको छ ।” समयमा मासिक न्यूनतम शुल्क भुक्तान नगरे लाइन काटिने र पुन: लाइन जोड्न उपभोक्ता समिति र खानेपानी कार्यालयलाई अनावश्यक रूपमा १० हजार रुपैयाँभन्दा बढी बुझाउनुपर्ने बाध्यता छ । अर्कातर्फ, जसको घरमा पानी आउँछ, उनीहरूको गुनासो पानी अत्यन्त महँगो भएकोमा छ। मासिक ६-७ सय रुपैयाँ उठ्ने ठाउँमा कहिलेकाहीँ २०-२२ सय रुपैयाँसम्मको बिल आउँछ। यसबारे सोधपुछ गर्दा कर्मचारीहरू “तपाईंको मिटर बिग्रेको होला वा हावाले मिटर घुमायो होला” भन्दै गैरजिम्मेवार जवाफ दिन्छन् । पिउने पानीको यो सास्ती गाउँघरमा झनै कहालीलाग्दो छ। पहाडतिर अझै पनि घर-घरमा पानी नपुग्दा स्थानीयले घण्टौँ टाढाबाट पानी बोकेर ल्याउनुपर्छ । नजिकै पानीको स्रोत भए पनि त्यसलाई लिफ्टिङ प्रविधिमार्फत माथि ल्याउने आर्थिक र प्राविधिक क्षमता गाउँलेहरूसँग हुँदैन। स्थानीय निकायलाई अत्यधिक बजेट र अधिकार दिइए पनि उनीहरू सिर्फ गाउँ र वडाका ठूला-ठूला भवन बनाउनमै सीमित छन्, किनकि यस्ता निर्माण कार्यबाट राम्रो कमिसन आउँछ । तराईतिर अझै पनि ट्युबवेल (चापाकल) को पानी तानेर पिउनुको विकल्प छैन । केही नगरहरूमा मात्र रिजर्भ ट्यांकीमार्फत पानी वितरण गरिएको छ । कतिपय नगर तथा गाविसहरूले आफ्नै स्रोतबाट पानी वितरण गरेर जनतालाई केही राहत दिएका त छन्, तर मेलम्चीको पानी काठमाडौं उपत्यकामा सबैतिर वितरण हुन नसक्नु र पानीजस्तो अत्यावश्यक वस्तु महँगो हुनुले हाम्रा सरकारहरू लोककल्याणकारी हुन नसकेको स्पष्ट पार्छ । जेनजी आन्दोलनपछि जनहितमा कार्य गर्ने भन्दै ठूला-ठूला कुरा त बाहिर आएका छन्, शायद बजेट भाषणबाट यस दिशामा केही उपलब्धि हुन्छ कि भनेर केही दिन कुर्नैपर्ने हुन्छ । खाद्यान्न, बोटबिरुवा र पशुपन्छी सबैलाई चाहिने मुख्य तत्व पानी नै हो । तर, पहाडदेखि तराईसम्म सिँचाइको चरम अभाव हुँदा हाम्रा

*नेपालको राजधानी काठमाडौँ उपत्यकामा समेत दशकौँको पर्खाइपछि मेलम्ची आयोजना बनिसक्दा पनि वितरण प्रणाली प्रभावकारी हुन सकेको छैन । जसका कारण अत्यधिक जनता अझै पनि पानी किनेर खान बाध्य छन् । महाँकालस्थित खानेपानी कार्यालयमा महसुल बुझाउन जाने ग्राहकहरूको एउटै गुनासो हुन्छ- “पानी आउँदैन, तैपनि पैसा तिरिरहनुपरेको छ ।” समयमा मासिक न्यूनतम शुल्क भुक्तान नगरे लाइन काटिने र पुन: लाइन जोड्न उपभोक्ता समिति र खानेपानी कार्यालयलाई अनावश्यक रूपमा १० हजार रुपैयाँभन्दा बढी बुझाउनुपर्ने बाध्यता छ । अर्कातर्फ, जसको घरमा पानी आउँछ, उनीहरूको गुनासो पानी अत्यन्त महँगो भएकोमा छ। मासिक ६-७ सय रुपैयाँ उठ्ने ठाउँमा कहिलेकाहीँ २०-२२ सय रुपैयाँसम्मको बिल आउँछ। यसबारे सोधपुछ गर्दा कर्मचारीहरू “तपाईँको मिटर बिग्रेको होला वा हावाले मिटर घुमायो होला” भन्दै गैरजिम्मेवार जवाफ दिन्छन् । पिउने पानीको यो सास्ती गाउँघरमा झनै कहालीलाग्दो छ। पहाडतिर अझै पनि घर-घरमा पानी नपुग्दा स्थानीयले घण्टौँ टाढाबाट पानी बोकेर ल्याउनुपर्छ । नजिकै पानीको स्रोत भए पनि त्यसलाई लिफ्टिङ प्रविधिमार्फत माथि ल्याउने आर्थिक र प्राविधिक क्षमता गाउँलेहरूसँग हुँदैन। स्थानीय निकायलाई अत्यधिक बजेट र अधिकार दिइए पनि उनीहरू सिर्फ गाउँ र वडाका ठूला-ठूला भवन बनाउनमै सीमित छन्, किनकि यस्ता निर्माण कार्यबाट राम्रो कमिसन आउँछ । कतिपय नगर तथा गाविसहरूले आफ्नै स्रोतबाट पानी वितरण गरेर जनतालाई केही राहत दिएका त छन्, तर मेलम्चीको पानी काठमाडौँ उपत्यकामा सबैतिर वितरण हुन नसक्नु र पानीजस्तो अत्यावश्यक वस्तु महँगो हुनुले हाम्रा सरकारहरू लोककल्याणकारी हुन नसकेको स्पष्ट पार्छ । जेनजी आन्दोलनपछि जनहितमा कार्य गर्ने भन्दै ठूला-ठूला कुरा त बाहिर आएका छन्, शायद बजेट भाषणबाट यस दिशामा केही उपलब्धि हुन्छ कि भनेर केही दिन कुर्नैपर्ने हुन्छ । खाद्यान्न, बोटबिरुवा र पशुपन्छी सबैलाई चाहिने मुख्य तत्व पानी नै हो ।*

किसानहरू वर्षको चार महिना मात्र पर्ने वर्षाको पानीमा निर्भर हुनुपर्छ । पर्याप्त सिँचाइ नभएकै कारण हाम्रा कतिपय उर्वर जग्गाजमिनहरू बाँझो पल्टिएका छन् भने युवाहरू विदेश पलायन हुन बाध्य छन् । देशमा रोजगारीको प्रमुख माध्यम कृषि, पशुपालन र माछापालन नै हो । यदि सबैतिर सिँचाइको राम्रो प्रबन्ध हुने हो भने किसानले बाह्रै महिना अन्न तथा तरकारी उत्पादन गर्न सक्ने थिए । त्यसपछि मात्र हाम्रो कृषिप्रधान देश खाद्यान्नमा आत्मनिर्भर हुने थियो र खर्बौंको विदेशी रकम खर्चेर खाद्यान्न आयात गर्नुपर्ने थिएन । यसले बर्सेनि बढ्दै गएको व्यापार घाटालाई पनि नियन्त्रण गर्ने थियो । सरकारले कृषिमा जोड दिने भने पनि अनुदानको रकम वास्तविक कृषकले भन्दा ठूला व्यापारीहरूले ‘सेटिङ’ मा प्राप्त गरेर होटल लगायतका अन्य क्षेत्रमा लगानी गरेको कुरा विगतमा टेलिभिजनहरूबाट प्रत्यक्ष हेर्न पाइएकै हो । यस्तो बेथिति रोकेर किसानको खातामा सिधै अनुदान रकम जम्मा हुने गरी केन्द्र सरकारले स्थानीय निकायमार्फत वास्तविक किसानको लगत संकलन गर्नुपर्छ । जुन देशमा जुन चीज पर्याप्त छ, त्यसको सही सदुपयोग हुँदो रहेनछ भन्ने कुरा अफ्रिकी मुलुक कङ्गोको अवस्थाबाट देख्न सकिन्छ। सबै किसिमका बहुमूल्य खनिज पदार्थ भएर पनि विदेशीले मात्र त्यसको दोहन गर्दा कङ्गो जस्तो विशाल देश गरिबी र गृहयुद्धमा भासिएको छ । अर्कातर्फ, मरुभूमिमा रहेको इसरायलले आज आधुनिक प्रविधि र सीपको प्रयोग गरी कृषिमा चमत्कार गर्दै तरकारी र फूलहरू निर्यात गरिरहेको छ । अस्ट्रेलिया जस्तो पानीको अभाव भएको देशले ‘रेन वाटर हार्भेस्टिङ’ मार्फत ठूला-ठूला रिजर्भायर (जलाशय) बनाएर सबैतिर पानी पुऱ्याएको छ । यता हामी भने पानीको छेलोखेलो भएको देशमा बस्छौँ, तर दक्षिणी छिमेकी देशले नेपालका प्राय: सबै नदीनालामा बाँध बाँधेर पानी लगिसक्यो । हामी भने त्यही पानीको जलाशय बनाएर सिँचाइ र विद्युत् निकाल्न ढिलाइ गरिरहेका छौं । पञ्चायती व्यवस्थामा बनेका ठूला सिँचाइ आयोजनाबाहेक अहिलेसम्म नयाँ गौरवयोग्य सिँचाइ आयोजनाहरू निर्माण हुन सकेका छैनन् । आशा गरौं, यसपालिको बजेट भाषणबाट केही ठोस उपलब्धि हुनेछ । हामीले सिर्फ भोटको राजनीति मात्र गऱ्यौं । विदेशीलाई खुसी पार्न ९० प्रतिशत हिन्दु र बौद्ध धर्मावलम्बी भएको देशमा धर्मनिरपेक्षता लादियो । त्यही कारण केही वर्षभित्रै, जहाँ केही हजार मात्र इसाई धर्मावलम्बी थिए, आज गरिब र तल्लो जातिका लाखौं जनतालाई प्रलोभनमा पारेर इसाई बनाउने र सामाजिक सद्भाव भाँड्ने कार्य भइरहेको छ । अर्कातर्फ, एउटा सानो देशमा ७ वटा प्रदेश बनाएर संघीयता लादियो, जसका कारण सांसद र कर्मचारीको प्रशासनिक खर्चले गर्दा संघीयता ‘सेतो हात्ती’ सावित भएको छ । यी दुईवटा विषयलाई वर्तमान सरकार (जसमा रास्वपा समेत सहभागी छ) ले सच्याउन सकेन भने देशमा फेरि अर्को विद्रोह वा आन्दोलन अवश्य हुनेछ । सरकारले जनताको कल्याणकारी कार्य गर्न नसक्ने, आर्थिक विकास गर्न नसक्ने र युवालाई स्वदेशमै रोजगार बनाउनुभन्दा विदेश पठाउन बढी सुविधा र सहुलियत दिने हो भने नेपाल र नेपालीको विकास कहिले होला ? अहिले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का रवि लामिछाने र काठमाडौंका मेयर बालेन शाह मिलेर देशलाई सुशासनसहित आधुनिक युगमा प्रवेश गराऊन्, भ्रष्टहरूको दोहोलो काढून् र विकासको गति अगाडि बढाऊन् भन्ने आशा नेपाली जनताले गरेका छन् । अवसरको यो घडीमा बालेन र नयाँ शक्तिहरूले जनताको यो आशामा तुषारापात हुन नदिई केही गरेर देखाउनेछन् भन्ने अपेक्षा छ ।

***-डिसी नेपाल डटकम***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००,
५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टेइन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : अधुरा जिम्मेवारी पूरा गर्दा मन सन्तुष्ट बन्नेछ। बेलुकातिर थकान बढ्न सक्छ। | **तुला** : पुराना सम्झनाले मन भावुक बनाउन सक्नेछ।वातावरण सहज बन्नेछ। |
| **वृष** : टाढाबाट समाचारले उत्साह थप्नेछ। नयाँ अनुभवतर्फ आकर्षित हुनेछ। | **वृश्चिक** : बोलीको प्रभाव राम्रो रहनेछ। धेरै व्यक्तिसँग सम्पर्क बढ्न सक्छ। |
| **मिथुन** : आफ्नो योजना सुरक्षित राख्नु । शान्त रहँदा परिस्थिति सहज बन्नेछ। | **धनु** : सोचेर गरिएको निर्णय लाभदायक रहनेछ।बढी चाहनाले खर्च बढाउन सक्छ। |
| **कर्कट** : मनले साथ र भरोसा खोज्नेछ। सन्तुलित व्यवहारले सम्बन्ध मधुर बन्नेछ। | **मकर** : निर्णय क्षमतामा वृद्धि हुनेछ। आत्मविश्वासले दिन सफल बनाउनेछ। |
| **सिंह** : खानपिन लापरवाही नगर्नु राम्रो हुनेछ। नियमितताले काम सजिलो बनाउनेछ। | **कुम्भ** : एकान्त मन पर्न सक्छ। मनभित्रका कुरा धेरै व्यक्त गर्न इच्छा नहुन सक्छ। |
| **कन्या** : प्रस्तुतीकरणमा रुचि बढ्न सक्छ। हाँसोले वातावरण सुखद बनाउनेछ। | **मीन** : आशा गरिएको सहयोग प्राप्त हुने संकेत छ। वातावरण उत्साहजनक रहनेछ। |

# कृषि

## समूह बनाएर अम्रिसो खेती, डेढ करोड आम्दानी



नवलपरासी (बर्दघाट सुस्ता पूर्व) नवलपुरका पहाडी क्षेत्रका बासिन्दाका लागि अम्रिसो खेती आम्दानीको प्रमुख स्रोत बन्दै गएको छ । पहाडी भू-बनोटमा अन्य खेती राम्रोसँग नहुने भएपछि अम्रिसो खेतीतर्फ लागेका किसानले यसबाट राम्रो आम्दानी लिन थालेका छन् । जिल्लाका हुप्सेकोट, बौदीकाली, बुलिङटार, गैंडाकोट, मध्यविन्दु तथा विनयी त्रिवेणी गाउँपालिकाका पहाडी क्षेत्रमा अम्रिसो खेती गरिँदै आएको छ । डिभिजन वन कार्यालय नवलपुरमार्फत कबुलियती वनमा अम्रिसो खेतीलाई प्रोत्साहन गरिएपछि पहाडका पाखाहरू हराभरा मात्र बनेका छैनन्, स्थानीय बासिन्दाको आयआर्जनको भरपर्दो आधार बन्न पुगेको छ । जिल्लामा १२१ वटा समूहले कबुलियती वनमार्फत अम्रिसो खेती गरिरहेको कबुलियती वन विकास कार्यक्रम नवलपुरका जिल्ला सुपरिवेक्षक तुलबहादुर रानाले बताए । डिभिजन वन कार्यालयले अम्रिसो खेतीका लागि निःशुल्क बिरुवा वितरण गर्दै आएको छ । यसबाट प्रेरित भएर स्थानीयहरू कबुलियती वन समूहमा आबद्ध भई व्यावसायिक अम्रिसो खेतीतर्फ आकर्षित भएका छन् । पहाडी क्षेत्रमा आयआर्जनका सीमित विकल्पबीच अम्रिसो खेती अहिले ग्रामीण जीवनको महत्वपूर्ण आर्थिक आधार बनेको छ । नवलपुरमा अम्रिसो खेती गरेका किसानले यस याममा ३०१ मेट्रिक टन अम्रिसो उत्पादन गरी बिक्री गरेको जिल्ला सुपरिवेक्षक रानाले बताए । जसबाट किसानले रु एक करोड ६५ लाख ७२ हजार आम्दानी गरेको उनले जानकारी दिए । अम्रिसो खेती सुरु हुनुअघि पहाडका डाँडाहरू झाडी र बाँझो जमिनका रूपमा मात्र रहेका थिए । पछि स्थानीयवासीले सरसफाइ अभियानसँगै अम्रिसोका बिरुवा रोप्न थाले । डिभिजन वन कार्यालयले बिरुवा रोप्नका लागि सहयोग गर्दै आयो । अहिले त्यही अम्रिसो धेरै परिवारको मुख्य आम्दानीको स्रोत बनेको छ । स्थानीयहरूले वर्षभरिको घरखर्च अम्रिसो बिक्रीबाट जुटाउने गरेको दैतेगैरा कबुलियती वन समूह हुप्सेकोटका अध्यक्ष यमबहादुर बाह्रघरेले बताए । समूह बनाएर अम्रिसो खेती गर्ने गरिएको उनले बताए । यसबाट राम्रो आम्दानी हुने गरेको उनको भनाइ छ । "पहिले पाखाहरू यसै बाँझै थिए, पछि अम्रिसो लगाउन सुरु गरियो । अहिले यहाँका लागि मुख्य आम्दानीको स्रोत नै बनेको छ," अध्यक्ष बाह्रघरेले भने । धेरै मिहिनेत पनि गर्नु नपर्ने र अम्रिसो तयार भएपछि बजारको समस्या नभएको उनले बताए । कुचोको कारोबार गर्ने व्यापारीले खोजी-खोजी अम्रिसो लैजाने गरेको उनको भनाइ छ । अम्रिसो खेतीले आर्थिक आम्दानी मात्र दिएको छैन, पहाडी भू-भागलाई हरियाली बनाउँदै भू-क्षय नियन्त्रणमा समेत महत्वपूर्ण सहयोग पुर्याएको कबुलियती वन विकास कार्यक्रमका जिल्ला सुपरिवेक्षक रानाले बताए । -रासस

## व्यवसायिक अदुवाखेती गर्दै खोक्सिकका किसान



भोजपुरको रामप्रसाद राई गाउँपालिका-८ खोक्सिकका किसान व्यावसायिक अदुवाखेतीतर्फ आकर्षित हुन थालेका छन् । परम्परागत खेती प्रणालीबाट आम्दानी सीमित भएपछि किसानले अदुवालाई आम्दानीमुखी बालीका रूपमा अँगाल्दै व्यावसायिक उत्पादन विस्तार गर्न थालेका हुन् । किसानलाई व्यावसायिक अदुवाखेतीमा लाग्न प्रोत्साहन गर्न वडा तथा गाउँपालिकाले आवश्यक सहयोग गर्दै आएको वडाध्यक्ष बाचकुमार राईले बताए । गुराँस सहकारी संस्थामा आबद्ध आठ जनाले किसानले व्यावसायिक रुपमा अदुवाखेती गरिरहेको उनले जानकारी दिए । स्थानीयस्तरमा उपयुक्त हावापानी र माटोको उपलब्धतासँगै अदुवाखेतीबाट राम्रो उत्पादन लिन सकिने भएपछि किसान यसतर्फ आकर्षित भएको उनको भनाइ छ । "हामीले व्यावसायिक अदुवा खेतीमा जोड दिएका छौं," वडाध्यक्ष राईले भने, "खेती गर्न इच्छुक किसानलाई स्थानीय सरकारले पनि आवश्यक सहयोग गरेको छ । किसानलाई अनुदानमा अदुवाको बीउ वितरण गरेका छौं ।"आवश्यक अनुदान सहयोगसँगै कृषि ज्ञान, तालिम तथा प्राविधिक सहयोग उपलब्ध भएसँगै अदुवाखेतीमा लाग्न सहजता भएको स्थानीय किसान मनोज राईले बताए । "अदुवाखेतीबाट अन्य बालीभन्दा राम्रो आम्दानी हुन थालेको छ," उनले भने, "अदुवाबाट राम्रो आम्दानी हुने भएपछि खेती विस्तारमा जुटेका छौं । यसले घरखर्च चलाउन सहज भएको छ ।" अदुवाखेती परम्परागत बालीको तुलनामा राम्रो आम्दानी हुने स्थानीय किसान कमल राईले बताए । अदुवालाई अन्यबालीको तुलनामा बाँदरले पनि कम क्षति पुर्याउने भएकाले किसानले खेती विस्तारमा जुटेको उनको भनाइ छ । किसानले व्यक्तिगत तथा सामूहिक रूपमा अदुवाखेती विस्तार गर्दै आएका आएको स्थानीय किसान देवकुमार राईले बताए । आफूले अहिले करिब तीन रोपनी क्षेत्रमा अदुवा विस्तार गरेको उनले जानकारी दिए । स्थानीय तहले अदुवाखेतीको विस्तारसँगै प्रशोधन, भण्डारण र बजारीकरणमा समेत जोड दिने योजना बनाएको छ । यसले खोक्सिक क्षेत्रलाई अदुवा उत्पादनको सम्भावनायुक्त क्षेत्रका रूपमा विकास गर्ने वडाले जनाएको छ । -रासस

## उखु किसानको पीडा उस्तै



सर्लाही उखुको बिटा बोकेर उम्मेदवार भाइरल हुनेदेखि 'उखु किसानको प्रतिनिधि' भन्दै धेरै उम्मेदवार चुनाव जित्ने दृश्य तराई-मधेसका जिल्लामा प्रशस्तै देखिए तर वास्तविक उखु किसानको अवस्थामा फेरिएन । २०८१ मंसिर १३ गते बसेको मन्त्रिपरिषद् बैठकले उखुको मूल्य प्रतिक्विन्टल छ सय ५५ रुपैयाँ निर्धारण गरेको थियो । निर्णयअनुसार उद्योगीले पाँच सय ८५ रुपैयाँ र सरकारले अनुदानबापत ७० रुपैयाँ उपलब्ध गराउने घोषणा गरेको थियो तर सरकारले घोषणा गरेको पूरा रकम हालसम्म किसानको खातामा पुगेको छैन । किसानले ३५ रुपैयाँमात्रै प्राप्त गरेका छन् । आर्थिक वर्ष २०८१/८२ का लागि उपलब्ध गराइने भनिएको अनुदान रकममध्ये कृषि तथा पशुपन्छी विकास मन्त्रालयले कोष तथा लेखा कार्यालयमार्फत् किसानको खातामा ३५ रुपैयाँमात्रै जम्मा गरेको किसानको गुनासो छ । सरकारले विगत लामो समयदेखि किसानलाई मूल्य अभिवृद्धिकर(भ्याट) छुटबापतको रकम उपलब्ध गराउँदै आएको भएपनि पछिल्लो समय अनुदान वितरणमा ढिलाइ भएको किसानको आरोप छ । पहिले सरकारले एकमुस्टरूपमा चिनी उद्योगको खातामा रकम पठाउने र उद्योगले किसानलाई भुक्तानी गर्ने व्यवस्था थियो तर केही उद्योग सञ्चालकले अनुदानको रकमसमेत समयमा नदिएपछि सरकारले सिधै किसानको खातामा रकम पठाउन सुरु गरेको हो । हरिवनमा तीन बिघामा उखुखेती गर्दै आएका किसान साबिर साह पैसाको अनियमितताले आफूहरू मारमा परेको बताउन्छन् । उनी भन्छन्, 'खेतीको लागत दिनदिनै बढिरहेको छ । सरकारले भनेको अनुदानसमेत पूरा पाउन सकेका छैनौं ।' उखु किसान चुडामणि बागले पनि सरकारले घोषणा गरेको रकम समयमा उपलब्ध नगराउँदा किसानको घर व्यवहार सञ्चालन गर्न कठिन भएको बताए । संघीय सरकारको यस कदमले सर्लाही, कञ्चनपुर, नवलपरासी पश्चिम, बारा, रौतहट, महोत्तरी, सिराहा र सुनसरी जिल्लाका उखु किसानले पाउनुपर्ने एक अर्ब ४५ करोड ३२ लाख २१ हजार ८ सय ६८ रुपैयाँ अन्योलमा परेको बताइएको छ । यस वर्षको उखु क्रसिङसमेत सकिएकाले अनुदानको विषय अझै अन्योलमै रहेको किसानहरूको भनाइ छ ।

**मिलसँग विकल्प छैन, किसानसँग विकल्पै विकल्प**

किसानसँग खेती गर्ने धेरै विकल्प छन् । पहिले नगदेबालीका रूपमा उखु खेती प्रमुख मानिन्थ्यो तर पछिल्लो समय मकै, धानलगायतका खेतीमा उखुभन्दा बढी फाइदा हुन थालेपछि किसानको आकर्षण अन्य बालीतर्फ बढेको छ । सरकारले दिँदै आएको अनुदान कटौती हुँदा किसान थप निराश बनेका हुन् । किसानसँग अन्य विकल्प भए पनि चिनी उद्योगसँग भने उखुबाहेक अर्को विकल्प छैन । मिलले उखुबाहेक अन्य वस्तुबाट चिनी वा खुँदो उत्पादन गर्न नसक्ने भएकाले उखु उद्योगका लागि अत्यावश्यक कच्चा पदार्थ नै उखु हो ।

**अर्बौं लगानी जोखिममा**

हाल नेपालमा १३ देखि १४ वटा चिनी उद्योग सञ्चालनमा छन् । सरकार र किसानबीच निरन्तर विवादका कारण उद्योगीहरूको अर्बौं लगानी जोखिममा परेको बताइन्छ । उद्योगीका अनुसार एक उद्योग सञ्चालन गर्न करिब एक अर्ब रुपैयाँभन्दा धेरै लगानी हुने र एउटा उद्योगमा औसत एक हजारभन्दा बढीले प्रत्यक्ष रोजगारी पाउने अवस्था हुन्छ । उद्योग संकटमा पर्दा बैंक ऋण, रोजगारी र समग्र अर्थतन्त्रमा समेत असर पर्ने देखिन्छ ।

**मूल्य निर्धारणमै किसानलाई अन्याय**

नेपाल उखु उत्पादक संघका केन्द्रीय अध्यक्ष कपिलमुनि मैनालीका अनुसार २०८१ मंसिरमा उखुको मूल्य निर्धारण गर्दा नै किसानलाई झुक्याउने नियत देखिएको थियो । नेपाल सरकारले उद्योग तथा कृषि मन्त्रालयको सिफारिसमा उखुको मूल्य निर्धारण गर्ने गरेको छ । मूल्य निर्धारण गर्दा उत्पादन लागत, ढुवानी, जमिनको भाडा तथा किसानको नाफालाई आधार मानिने गरिन्छ । साथै उपभोक्तालाई अधिकतम कति मूल्यमा चिनी बिक्री गर्ने भन्नेसमेत तय गरिन्छ तर किसानका अनुसार सहमतिअनुसार उपभोक्ताले सस्तो मूल्यमा चिनी पाउन सकेका छैनन् ।

**सहायक उत्पादनको मूल्य किसानले पाउँदैनन्**

उखुबाट केवल चिनीमात्रै उत्पादन हुँदैन । उखु प्रशोधनपछि चिनीसँगै छ्वुा, बगास र प्रेसमलजस्ता विभिन्न सहायक उत्पादनसमेत निस्कने गर्छन् तर यी सहायक उत्पादनबाट उद्योगले करोडौं आम्दानी गर्ने भए पनि त्यसको प्रत्यक्ष लाभ भने किसानले पाउन सकेका छैनन् । किसानले उत्पादन गरेको कच्चा पदार्थबाट उद्योगले बहुआयामिक लाभ लिएपनि किसान भने सीमित मूल्यमा मात्रै बाँधिएका छन् । नेपाल उखु उत्पादक संघका केन्द्रीय अध्यक्ष मैनालीका अनुसार एक क्विन्टल उखुबाट औसत नौ केजी चिनी उत्पादन हुने मान्यताका आधारमा मूल्य निर्धारण गरिन्छ । तर, सोही उखुबाट पाँचदेखि छ केजीसम्म छ्वुा, ५० देखि ५२ केजीसम्म बगास तथा करिब पाँच केजी प्रेसमलसमेत उत्पादन हुने गरेको छ । बगास कागज उद्योग तथा इन्धनका रूपमा प्रयोग हुन्छ भने प्रेसमल जैविक मल उत्पादनका लागि उपयोग गरिन्छ । कतिपय उद्योगले प्रेसमलबाट मल उत्पादन गरेर पुनः किसानलाई नै बिक्री गर्ने गरेका छन् ।

त्यस्तै छ्वुा (मोलासेस)बाट इथानोल तथा मदिराजन्य पदार्थ उत्पादन हुने गर्छ । तर, यति धेरै व्यावसायिक उपयोग हुँदाहुँदै पनि किसानले भने यसको मूल्य पाउन नसकेको किसान नेताहरूको गुनासो छ । उनले भने, 'उद्योगले चिनीमात्रै होइन, सहायक उत्पादनबाट पनि मनग्य आम्दानी गरिरहेको हुन्छ तर किसानले भने केवल उखुको आधार मूल्यमात्रै पाउँछन्, यदि सहायक उत्पादनको मूल्यसमेत समावेश गरेर उखुको मूल्य निर्धारण गर्ने हो भने किसानले अझ राम्रो मूल्य पाउन सक्छन् ।' उद्योग पक्ष भने सहायक उत्पादनबाट आउने आम्दानी मिल सञ्चालन, मर्मत तथा अन्य प्रशासनिक खर्चमा उपयोग हुने दाबी गर्छ । उद्योगीहरूका अनुसार चिनीको बिक्रीबाट मात्रै किसानलाई भुक्तानी गर्न कठिन हुने भएकाले सहायक उत्पादनले उद्योग धान्न सहयोग गर्ने गरेको छ । तर, किसान संगठनहरू भने उद्योगले सहायक उत्पादनबाट प्राप्त आम्दानीको वास्तविक विवरण सार्वजनिक गर्नुपर्ने माग गर्दै आएका छन् । उनीहरूका अनुसार उखु किसानले आफ्नो उत्पादनको पूर्ण मूल्य नपाउँदा खेतीप्रति आकर्षण घट्दै गएको छ । खेतीको लागत निरन्तर बढिरहेको, मजदुरी महँगिँदै गएको तथा मल, बीउ र ढुवानी खर्च आकासिएको अवस्थामा किसानले सहायक उत्पादनबाट हुने लाभमा समेत हिस्सा पाउनुपर्ने आवाज बलियो बन्दै गएको छ ।

**लागत बढ्यो, मूल्य बढेन**

पछिल्ला वर्षहरूमा खेतीको लागत अत्यधिक बढेको किसानहरू बताउँछन् । पहिले तीन सय रुपैयाँमा पाइने मजदुर अहिले छ सय रुपैयाँसहित खाना-खाजा दिनुपर्ने अवस्था छ । वैदेशिक रोजगारीका कारण कृषि मजदुर अभाव बढेको छ । रासायनिक मल, औषधि, बीउ, भिटामिन र ढुवानी खर्चसमेत महँगिएको छ । पहिले प्रतिक्विन्टल ६० रुपैयाँमा मिलसम्म उखु ढुवानी हुने गरेकोमा अहिले एक सय रुपैयाँसम्म खर्च लाग्ने किसानको भनाइ छ ।

**उखु किसानका मुख्य संकट**

नेपालमा उखु किसानले वर्षेनी मल, बीउ, सिँचाइ, कृषि बीमा तथा प्राविधिक सहयोगको अभाव झेलिरहेका छन् । कहिले गुणस्तरीय बीउ अभाव त कहिले रोग लाग्दा उचित परामर्श पाउने ठाउँसमेत हुँदैन । उत्पादन गरेपछि पनि भुक्तानी लिन आन्दोलन गर्नुपर्ने अवस्था छ । पछिल्लो समय युवाहरू वैदेशिक रोजगारीमा जान थालेपछि खेती गर्ने जनशक्ति अभाव हुँदै गएको छ । उपकरणमैत्री खेती विस्तार हुन नसक्दा किसान परम्परागत खेतीमै सीमित छन् । यस वर्षसमेत सरकारले दिने अनुदान रकम लिन आन्दोलन गर्नुपर्ने अवस्था आउने हो कि भने पिरमा किसान छन् ।

**उखु प्रवर्द्धनमा सरकार र उद्योग दुवै उदासीन**

अखिल नेपाल किसान महासंघका केन्द्रीय सचिव राजकुमार उप्रेतीका अनुसार सरकारले दिने अनुदान अत्यन्त न्यून छ । उनी भन्छन्, 'सरकारले दिने अनुदान रकमसमेत जोडेर मूल्य निर्धारण गरिन्छ । यसले किसानले वास्तविकरूपमा अनुदानको अनुभूति गर्न पाएका छैनन् ।' उप्रेतीका अनुसार सरकारले नगद अनुदानभन्दा सिँचाइ सुविधा, समयमा मलखाद, उन्नत बीउ र प्राविधिक सहयोगमा ध्यान दिनुपर्ने आवश्यकता छ । नेपालमा उखुको मूल्य भारतको बिहारस्थित गिगा चिनी मिलको मूल्यलाई आधार बनाएर तय गरिँदै आएको छ । तर, भारतमा किसानले नेपालभन्दा धेरै सुविधा पाउने भएकाले नेपाली किसान प्रतिस्पर्धामा कमजोर पर्ने गरेका छन् । चिनीमा आत्मनिर्भरको 'गफ' दिइँदै आए पनि उद्योगी र किसान दुवैमा बढ्दो निराशाले आत्मनिर्भर सहज देखिँदैन ।

-हिमालय टाइम्स डटकम

# विश्व सुर्तीजन्य पदार्थविरुद्धको दिवस मनाइँदै



**पाल्पा,** जेठ १६/आज विश्वभर विश्व सुर्तीजन्य पदार्थ विरुद्धको दिवस मनाइँदै छ । प्रत्येक वर्ष मे ३१ मा मनाइने यस दिवसको उद्देश्य सुर्तीजन्य पदार्थको सेवनबाट हुने स्वास्थ्य जोखिमबारे जनचेतना फैलाउनु तथा सुर्ती नियन्त्रणका प्रयासलाई सुदृढ बनाउनु हो ।

सन् १९८८ देखि मनाउन थालिएको यो दिवसमा विभिन्न देशहरूमा जनचेतनामूलक कार्यक्रम, र्‍याली, अन्तर्क्रिया तथा स्वास्थ्य परीक्षण शिविरहरू आयोजना गरिन्छ । नेपालमा पनि सरकारी निकाय, स्वास्थ्य संस्था तथा विभिन्न सामाजिक संघ-संस्थाले सुर्ती सेवनका हानिकारक प्रभावबारे जानकारीमूलक कार्यक्रम सञ्चालन गर्ने गर्दछन् । नेपालमा हरेक वर्ष २७ हजारभन्दा बढी मानिसहरुको मृत्यु सुर्तीजन्य पदार्थको सेवनका कारण हुने गरेको स्वास्थ्य मन्त्रालयले जनाएको छ । धूमपान गर्दा आफ्नो स्वास्थ्यमा मात्रै नभइ नजिकमा रहेका अन्य व्यक्तिहरुको स्वास्थ्यमा पनि उत्तिकै असर पुग्छ । नेपालले सुर्तीजन्य पदार्थको प्याकेटको ९० प्रतिशत भागमा चेतावनीमूलक सन्देश र संकेत चिह्न अनिवार्य हुनुपर्ने व्यवस्था गरेको छ । त्यसैगरी सार्वजनिक स्थलमा धूमपान निषेध गरिएको छ र सुर्तीजन्य पदार्थको विज्ञापन, प्रवर्द्धन तथा प्रायोजन निषेध गरिएको उनले जानकारी दिए । सुर्तीजन्य पदार्थको नयाँ सेवनकर्ताहरुको दरमा कमी ल्याउन र अमलीहरुको लत छुटाउन विभिन्न लक्षित कार्यक्रमहरु सञ्चालन भइरहेका छन् । सुर्तीजन्य पदार्थको सेवनको लत छुटाउने कार्यक्रमलाई पहुँच योग्य बनाउने, सुर्तीजन्य पदार्थमा कर बढाउने र उक्त संकलित राजस्वबाट आर्थिक रुपमा विपन्न बिरामीहरुको उपचारमा खर्च गर्ने जस्ता थप कार्यहरु प्रभावकारी ढंगले अगाडि बढाउन आश्यक रहेको छ । सुर्तीजन्य पदार्थको सेवनका कारण नेपालमा प्रत्येक दिन ७४ जनाको मृत्य हुने गरेको सरकारी तथ्यांक छ । तर विश्व स्वास्थ्य संगठनका अनुसार हरेक ८ सेकेन्डमा एक जनाको मृत्यु सुर्ती सेवनका कारणले हुने गरेको छ भने १० जनामध्ये एक जना वृद्धको अकालमा चुरोट सेवनका कारणले मृत्यु हुने गर्दछ ।

## संघीय बजेटमा...

...बर्दियामा राजापुर सिँचाइ आयोजनालाई पुन:स्थापना गरिने भएको छ । बाँकेस्थित सिक्टा सिँचाइ आयोजना अन्तर्गत बाँकेको पूर्व र पश्चिम क्षेत्रमा थप ५ हजार हेक्टर जमिनमा सिँचाइ सुविधा पुर्‍याउने लक्ष्यसहित २ अर्ब ५५ करोड रुपैयाँ बजेट विनियोजन गरिएको छ । त्यसैगरी, बृहत दाङ उपत्यका सिँचाइ आयोजना र प्रगन्ना-बढ्कापथ सिँचाइ आयोजनामार्फत थप २ हजार ३ सय ८० हेक्टर जमिनमा सिँचाइ सुविधा विस्तार गर्न १ अर्ब २१ करोड रुपैयाँ विनियोजन गरिएको छ । सरकारले खेलकुद क्षेत्रअन्तर्गत विभिन्न फुटबल रंगशालालाई फ्लडलाइटसहित स्तरोन्नति गर्ने घोषणा गरेको छ । सो सूचीमा बुटवल पनि परेको छ, बुटवल रंगशाला स्तरोन्नति गरिने घोषणा गरिएको छ । यस्तै, सबै प्रदेशमा अपाङ्ग पुनर्स्थापना केन्द्र निर्माण तथा सबै स्थानीय तहमा अस्पताल निर्माण गरिने बजेटमा उल्लेख छ । यस्तै गरी सिद्धार्थ राजमार्गको अन्तरराष्ट्रियस्तरमा रुपान्तरण सुरु गरी कालीगण्डकी सभ्यताको उद्गम क्षेत्रलाई तीर्थाटन र स्वच्छ-उद्यम व्यवसायी केन्द्रित बनाइने बजेटमा उल्लेख गरिएको छ । त्रिवेणीधाम, देवघाट, रुरु क्षेत्र, कागबेनी, मुक्तिनाथ र दामोदर कुण्डलाई एकीकृत गर्दै 'शालिग्राम पथ' विकास गरिने अर्थमन्त्री वाग्लेले बताए ।

## पर्यटकले ढोरपाटनका...

...तर त्योभन्दा झन्डै दोब्बर बढी पर्यटक आउँदा होटल व्यवस्थापन गर्न समस्या भएको होटल व्यवसायी शिवराज कँडेलले बताए । अरू बेला पनि पर्यटक आइरहेको भन्दै अहिले बिदाले गर्दा एकै दिन हजार बढी पर्यटक ढोरपाटनमा आएको उनको भनाइ छ । आफूले ८० जना पाहुना राखेको सुनाउँदै २०० जनालाई अन्य होटलमा पठाउनु परेको बताए । यतिबेला पर्यटकको भीडभाड हुँदा ढोरपाटनमा मेला लागेजस्तो भएको उनको भनाइ छ । आएका पाहुनालाई फर्काउने चाहना नहुँदा नहुँदै पनि फर्काउन बाध्य भएको कँडेल बताउन्छन् । पछिल्लो समय बुर्तिबाङ-ढोरपाटन सडक व्यवस्थित बनेपछि यहाँ आउने पर्यटकको सङ्ख्या ह्वात्तै बढेको हो । बुर्तिबाङ बजारदेखि करिब एक घण्टामै ढोरपाटन पुग्न सकिने हुँदा पर्यटकको आकर्षण बढ्दै गएको छ । गत वर्षसम्म सडकको दूरावस्था थियो । गुल्मीबाट शुक्रबार दिउँसो ढोरपाटन घुम्न पुगेका महेश खड्काले होटल नपाएपछि बुर्तिबाङ बजार झरेर बस्नु परेको सुनाए । १३ जनाको समूहमा तीन दिन घुम्ने योजनासहित आएको भन्दै होटलमा बास नपाएपछि एकै दिनमा फर्किनु परेको गुनासो गरे । बिहीबार ढोरपाटन पुगेकाहरुले मात्रै होटल पाएको खड्काले बताए । ढोरपाटन नगरपालिकाका उपप्रमुख धनबहादुर कायतले यो याममा बैंसी क्षेत्रमा गर्मी हुने हुँदा ढोरपाटनमा शीतलता खोज्दै धेरै पर्यटक आउने गरेको बताए । एकै पटक पर्यटक आउँदा खाना, बस्न र अन्य व्यवस्थापनमा समस्या हुने भन्दै होटल व्यवसायीसँग सम्पर्क गरेर मात्रै ढोरपाटन आउन कायतले आग्रह गरे । *-रासस*

### खेलकुद समाचार

## सेमिफाइनलमा नेपाल मलेसियासँग पराजित



**काठमाडौं,** जेठ १६/एशियाली खेलकुद महिला टी-२० छनोटको सेमिफाइनलमा नेपाल मलेसियासँग पराजित भएको छ । शनिबार भएको सेमिफाइनल खेलमा नेपाल मलेसियासँग २ विकेटले पराजित भएको हो । नेपालले दिएको १ सय २७ रनको लक्ष्य पछ्याएको मलेसियाले ८ विकेट गुमाएर भेटायो । मलेसियाकी एल्सा हन्टरले ४८ रन बनाइन् । नेपालकी रिया शर्माले ३ तथा मनिसा उपाध्याय र रुबिना क्षेत्रीले समान २ विकेट लिए । त्यसअघि क्वालालम्पुरमा टस जितेर ब्याटिङ गरेको नेपालले ६ विकेट गुमाएर १ सय २७ रन बनायो । नेपालकी कप्तान इन्दु बर्माले अविजित ४६ रन बनाइन् । मलेसियाकी विनिफ्रेड दुराइसिंघमले २ विकेट लिइन् । अब मलेसियाले उपाधिका लागि थाइल्यान्डसँग खेल्नेछ भने नेपालले तेश्रो स्थानका लागि चीनसँग खेल्नेछ । शनिबार भएको अर्को सेमिफाइनलमा थाइल्यान्डले चीनलाई ८३ रनले हराउँदै फाइनलमा पुगेको छ । यो प्रतियोगिताबाट शीर्ष तीन देश एसियाली खेलकुदमा छनोट हुनेछन् । थाइल्यान्ड र मलेसिया फाइनलमा पुगेसँगै एशियाली खेलकुदका लागि छनोट भएका छन् । एशियाली खेलकुदमा आयोजक जापानसँगै आईसीसीका पूर्ण सदस्य भारत, बंगलादेश, पाकिस्तान र श्रीलंका छनोट भएका छन् । एशियाली खेलकुदको महिला क्रिकेट प्रतियोगितामा कुल ८ देश सहभागी हुनेछन् ।

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१

### अर्थ/कर्पोरेट समाचार

## मदिरा र चुरोटमा कर वृद्धि




**पाल्पा,** जेठ १५/सरकारले मदिरा र चुरोटमा कर बढाएको छ । शुक्रबार संघीय संसद्को संयुक्त बैठकमा आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गर्दै अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले मदिरा र चुरोटमा कर बृद्धि गरिएको जानकारी गराएका हुन् ।

सरकारले चुरोटमा करिब १० प्रतिशतसम्म र मदिरा तथा बियरमा लाग्ने अन्त:शुल्क वृद्धि गरेको हो । अर्थमन्त्री डा. वाग्लेले आगामी आर्थिक वर्ष २०८३/८४ देखि माइक्रो ब्रुअरीलाई समेत मदिरा उद्योगको रुपमा दर्ता गरेर अन्त:शुल्को दायरामा ल्याउने घोषणा गरेका छन् । त्यसैगरी, मदिरा र बियरमा लाग्दै आएको अन्त:शुल्कमा वृद्धि गरेपछि आगामी साउन १ गतेदेखि बजारमा चुरोट र मदिराजन्य उत्पादनको मूल्य बढ्नेछ । सरकारले नेपाली ब्राण्डका मदिरालाई अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धी बनाउने लक्ष्य पनि राखेको छ । बजेटमा उल्लेख भएअनुसार नेपाली ब्राण्डका मदिराको निकासी प्रवर्द्धन गर्न गुणस्तरीय स्प्रिट उत्पादन र 'मेचुरेसन' कार्यलाई विशेष प्रोत्साहन दिइनेछ । यसबाट स्वदेशी कच्चा पदार्थमा आधारित उच्च गुणस्तरको मदिरा विदेश निर्यात गरी वैदेशिक मुद्रा आर्जन गर्ने बाटो खुल्ने सरकारको विश्वास छ । बजेटले स्थानीय स्तरमा सञ्चालनमा रहेका 'माइक्रो ब्रुअरी' (साना बियर उद्योग) हरूलाई पनि औपचारिक दायरामा ल्याउने घोषणा गरेको छ । आगामी आर्थिक वर्षदेखि माइक्रो ब्रुअरीलाई मदिरा उद्योगका रूपमा दर्ता गरी अनिवार्य रूपमा अन्त:शुल्कको दायरामा ल्याइने व्यवस्था मिलाइएको छ । मदिरा र सूर्तिजन्य पदार्थमा हुने कर छली र अवैध व्यापार रोक्न सरकारले कडा कदम चाल्ने भएको छ । अर्थमन्त्री वाग्लेले अन्त:शुल्क चुहावट नियन्त्रण गर्न 'विद्युतीय ट्र्याक एण्ड ट्रेस' प्रणाली सुरु गर्ने घोषणा गरेका छन् ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com डिजिटल पत्रिका

कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई